कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ११ | वि.सं. २०८१ बैशाख १२ बुधवार | नेपाल संवत: ११४४, चैत शुक्ल पूर्णिमा | Thursday 24 Apr. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# १३२ केभी प्रशारण जुम्ला पुऱ्याइँदै
# साढे दुई वर्षभित्र लाइन विस्तार गरिने

**ओम शाही**
**सुर्खेत, ११ बैशाख ।**

सरकारले आगामी साढे दई वर्षभित्र जुम्लामा विद्युतको १३२ केभी प्रशारण लाईन विस्तार गर्ने गरी प्रक्रिया अगाडि बढाएको छ । संघीय सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गतको विद्युत विकास विभागले दैलेख-कालिकोट-जुम्ला १३२ केभी विद्युत प्रसारण लाईन कार्यान्वयन गर्न आयोजना सम्बन्धी सार्वजनिक सूचना जारी हो ।

विभागले ५ बैशाखमा प्रथम पटक ३५ दिने सार्वजनिक सूचना जारी गर्दै प्रस्तावित प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनिय प्रतिकूल असर पर्ने भए विभाग वा प्रवर्द्धक नेपाल विद्युत् प्राधिकरणमा आफ्नो लिखित राय तथा प्रतिक्रिया दिन भनेको छ ।

दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिका-१ बेलघारीमा रहेको सवस्टेसनबाट सुरु भई कालिकोट हुँदै जुम्लाको चन्दननाथ नगरपालिका-९ स्थित बयलकटियामा निर्माण गरिने जुम्ला सवस्टेसनसम्म विस्तार गरिने प्रशारण लाइनबाट पर्न सक्ने सामाजिक, आर्थिक तथा वातावरिण प्रभावका बारेमा विभागले सम्बन्धित क्षेत्रका स्थानीय र सरोकारवालासँग राय मागेको हो ।

'डबल सर्किटसहित ८२ दशमलव १४ किलोमिटर लामो १३२ केभी विद्युत् प्रसारण लाईन निर्माण गर्न विद्युत् ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत् नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रवर्द्धक नेपाल विद्युत् प्राधिकरणले दरखास्त पेश गरेकाले विद्युत नियमावली २०५० को



नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि तपसिलका विवरणहरु खुलाई यो सूचना प्रकाशित गरिएको छ ।' विभागले ३५ दिने सार्वजनिक सूचनामार्फत भनेको छ ।

प्रचलित नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ अन्तर्गत गठन भएको नेपाल विद्युत् प्राधिकरणले विस्तार गर्न लागेको डबल सर्क्रिटसहितको प्रशारण लाइनबाट एक लाख ३२ हजार भोल्ट र दुई सय ३८ मेगावाटसम्मको विद्युत् शक्ति प्रसारण हुने विभागले जनाएको । यो प्रशारण लाइन तीन जिल्लामा विस्तार हुनेछ । दैलेखमा रहने सवस्टेशनका लागि सुर्खेतदेखि प्रशारण लाइन विस्तारको काम केही समयमा सुरु गर्न लागिएको जनाइएको छ ।

हाल कोहलपुर-सुर्खेत १३२ केभी प्रशारण लाइन विस्तारको काम जारी छ । सुर्खेतको सुब्बाकुनामा रहने सवस्टेशनबाट दैलखमा रहने सशस्टेशनसम्म पुग्ने प्रशारण लाइन विस्तारको प्रक्रिया अगाडि बढिसकेको कोहलपुर-सुर्खेत १३२ केभी प्रशारण आयोजनाका प्रमुख रवि चौधरीले बताए ।

कोहलपुर-सुर्खेत प्रशारण आयोजना अन्तर्गत हालसम्म सुर्खेत खण्डमा विद्युतका टावर निर्माण गरी तार तान्ने काम अन्तिम चरणमा पुगेको छ भने, बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा रुख कटानको काम सुरु भएको छ । सुर्खेत खण्डमा प्रशारण लाइन विस्तार गर्ने कार्य अन्तिम चरणमा पुगेको भएपनि आयोजनाले निकुञ्ज क्षेत्रमा रुख कटानको अनुमती नपाउँदा आयोजना निर्माणमा ढिलाई हुँदै आएको थियो । निकञ्ज क्षेत्रमा समस्या सुल्झिएपनि बैजनाथमा भने स्थानीयको अवरोधका कारण आयोजना अगाडि बढ्न सकेको छैन । स्थानीयहरुसँग विवाद समाधानका लागि सम्वाद जारी रहेको आयोजना प्रमुख चौधरीले बताए ।

यो प्रशारण लाइन निर्माण भएसँगै कर्णालीमा सामान्य हावा लाग्दा पनि विजुली जाने समस्याको दीर्घकालिन हल हुनेछ । हाल कर्णालीका आठ जिल्लामा ५० को दश अघि निर्माण भएको ३३ केभी प्रशारण लाईनबाट विद्युत आपुर्ति हुँदै आएको छ ।

## यस्तो छ प्रशारण लाइनको रुट

दैलेखको डुङ्गेश्वर गाउँपालिका-१ बेलघारीमा रहेको दैलेख सवस्टेसन देखि शुरु भई सोही जिल्लाको नारायण नगरपालिका वडा नम्वर ४, ५, ७, ८, ९, १० र ११, नौमुले गाउँपालिका वडा नम्वर १, २ र ८ हुँदै कालिकोट जिल्लाको तिलागुफा नगरपालिका वडा नम्वर १, ३, ४, ९ र ११, महावै गाउँपालिका वडा नम्वर २, ३ र ४ हुँदै जुम्ला पुऱ्याइने छ ।

त्यस्तै, जुम्लाको हिमा गाउँपालिका वडा नम्वर ६ र ७, तिला गाउँपालिका वडा नम्वर १, २ र ३, तातोपानी गाउँपालिका वडा नम्वर १, २, ३ र ६ हँदै चन्दननाथ नगरपालिका वडा नम्वर ९ स्थित वायलकटियामा बन्ने सवस्टेसनमा गएर टुङ्गिनेछ ।

कुल ८२ दशमलव १४ किलोमिटर लामो रहने डबल सर्किटसहितको १३२ केभी प्रशारण लाइन निर्माण गरिनेछ । जसमा दुई सय ७९ वटा टावरहरु निर्माण गरिने छ । टावरको उचाई ३० देखि ४० मिटरसम्म रहने टावरहरु बिचको औषत दुरी दुई सय ९६ दशमलव ५५ मिटर रहनेछन् । यस आयोजना अन्तर्गत दैलेख-कालिकोट र जुम्ला जिल्लामा १३२/३३/११ केभी सवस्टेसनहरु निर्माण गरिने छ ।

आयोजना निर्माणको लागि कूल एक सय ५० दशमलव ३३ हेक्टर जमिन आवश्यक पर्ने विद्युत् विकास विभागले जनाएको छ । जस मध्य दुई सय ७९ टावरहरुका लागि स्थायी रूपमा करिब १२ दशमलव चार हेक्टर जग्गा आवश्यक पर्नेछ ।

यस बाहेक विद्युत् मार्गको अधिकार क्षेत्र भित्र राइट अफ वे अन्तर्गत एक सय ३२ दशमलव ६९ हेक्टर जग्गा आयोजनालाई आवश्यक पर्नेछ । प्रसारण लाईनको क्षेत्राधिकार विद्युत् नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दुरीमा नघटाई प्राविधिक दृष्टिकोण बाट १८ मिटर (मध्य विन्दुबाट नौ/नौ मिटर दायाँ बायाँ) कायम गरिने छ । प्रसारण लाईनको निर्माण कार्य साढे दुई वर्ष भित्र सम्पन्न गरिने लक्ष्य राखिएको विभागले जनाएको छ ।

# कर्णालीका मुख्यमन्त्री कँडेलले बिहिबार विश्वासको मत लिने



**युग संवाददाता**
**सुर्खेत, ११ वैशाख ।**

कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले बिहीबार विश्वासको मत लिने भएका छन् । कँडेलले विश्वासको मत लिने प्रयोजनको पत्र कर्णाली प्रदेशसभा सचिवालयमा पठाइसकेका छन् ।

२७ चैतमा नेकपा माओवादी केन्द्रको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका कँडेलले चैत्र २८ गते सपथसँगै पदभार ग्रहण गरेका थिए । कँडेलले विश्वासको मत लिनुअघि मन्त्री परिषद् विस्तार गर्ने तयारी गरिरहेको जनाइएको छ ।

एमाले उच्च स्रोतका अनुसार सत्ता साझेदार दल माओवादीसँग प्रारम्भिक मन्त्रालय भागवण्डा टुंगिएसँगै आज (बुधबार) मन्त्रीपरिषद् विस्तार गर्ने गरी तयारी भइरहेको छ । स्रोतका अनुसार माओवादीले बुधबार मन्त्रीहरुको नाम पठाउँदैछ । विश्वासको मतअघि भने एमालेबाट मन्त्रीहरु सहभागी हुने छैनन् ।

'मन्त्रालयको टुंगो लागिसक्यो, भोली माओवादीले सरकारमा सहभागी मन्त्रीहरुको नाम पठाउनुहुन्छ,' एमाले उच्च स्रोतले भन्छ, 'उहाँहरुको सपथसँगै मुख्यमन्त्रीले बिहीबार विश्वासको मत लिएपछि लगत्तै मन्त्रिपरिषदले पूर्णता पाउँछ ।'

यस अघि एमालेले सामाजिक विकास मन्त्रालय दिन नसकिने अडान लिएपछि भागवण्डामा कुरा मिल्न सकेको थिएन । मुख्यमन्त्रीले विश्वासको मत लिनुअघि माओवादीबाट मन्त्रीहरु सहभागी भएर सपथ लिनेगरी तयारी भइरहेको माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक रणसिंह परियारले जानकारी दिए । सत्तारुढ दलमा माओवादीले आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय लिने मोटामोटी सहमति भएको छ ।

एमालेले भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय, आन्तरिक मामिला तथा योजना मन्त्रालय र भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लिनेछ । मन्त्रालयको भागवण्डामा टुंगो लागेपनि माओवादी भित्र यसअघिका मन्त्रीहरु नै दोहोरिने की नयाँ सहभागी हुने भन्ने विषयमा आन्तरिक किचलो देखिएको छ ।

माओवादी उच्च नेतृत्वले विन्दमान विष्टको नेतृत्वमा सरकारमा सहभागी हुन भनेपछि पूर्वमुख्यमन्त्री समेत रहेका माओवादी संसदीय दलका नेता राजकुमार शर्मालाई नयाँ मन्त्रीहरुको नाम टुंग्याउन कठिन भइरहेको माओवादीको उच्च स्रोत दावी गर्छ ।

# बँदेलको आक्रमणबाट सात जना घाइते

**युग संवाददाता**
**सुर्खेत, ११ वैशाख ।**

बँदेलको आक्रमणबाट सात जना घाइते भएका छन् । बारीमा काम गर्दै गर्दा जङ्गलबाट आएको बँदेलले आक्रमण गर्दा भैरवी गाउँपालिका-६ का सात जना स्थानीय घाइते भएका हुन् ।

बारीमा काम गरिरहेका बेला मङ्गलवार बिहान उनीहरूलाई बँदेलले आक्रमण गरेको भैरवी गाउँपालिका-६ का वडा अध्यक्ष तुलबहादुर हमालले बताए । घाइते मध्ये एक जनालाई बढी चोट लागेको र अन्य छ जना सामान्य छन् ।

बँदेलको आक्रमणबाट भैरवी-६ मा सात जना स्थानीय घाइते भएका दैलेख प्रहरीले जनाएको छ । 'बँदेलले आक्रमण गर्दा सात जना घाइते भएका छन् । घाइते सात जना मध्ये एक जनालाई धेरै चोट लागेको छ । अन्य छ जनालाई सामान्य चोट छ', दैलेखका प्रहरी प्रमुख सुनिल दाहालले भने ।

बँदेलको आक्रमणबाट घाइते हुनेहरूमा भैरवी-६ का रत्न बराल, तिलक पौडेल, गणेश सिजाली, पूर्ण सिजाली, तर्क पुन मगर, लक्ष्मन पुन मगर र जय बहादुर थापा रहेका वडा अध्यक्ष हमालले बताए । घाइते मध्ये गणेश सिजालीको स्थानीय मेडिकलमा उपचार भइरहेको छ ।

पछिल्ला वर्षहरूमा दैलेखमा जङ्गली जनावर बँदेलले किसानले लगाएको खेतीपातीमा ठुलो क्षति पुऱ्याउदै आएको छ । बँदेलले सिजन अनुसारको खेती नष्ट गर्न थालेपछि किसानहरूले खेतबारी बाँझो छोड्न थालेका छन् ।

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:** ९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# सरकारी बजेटको हरिबिजोग

एक बर्षका १२ महिना मध्येमा ९ महिना कुम्भकर्ण स्टाईलमा सुत्ने र ३ महिनामा बजेट खर्च गर्न जागा हुने निकायलाई कर्णाली प्रदेश सरकार भनिन्छ। चालु आर्थिक बर्षको चैत मसान्तसम्म पनि कर्णाली प्रदेश सरकारले कुल बजेटको चालु तर्फ ३४ दशमलव ९८ र पूँजिगततर्फ १९ दशमलव आठ गरेर जम्मा २५ दशमलव ६६ प्रतिशतमात्र बजेट खर्च भएको थियो। यो अहिलेको मात्र रोग भने होईन, यो पुरानै सरुवा रोग हो जुन रोग जतिसुकै गजबवाला सत्ता सञ्चालक आएपनि लागि नै हाल्छ। बरु कति प्रतिशतमा तलमाथी भयो भन्नेमात्र हो। सरकारले नियमित खर्च गरेको भनेको उहि कर्मचारी र जनप्रतिनिधिका तलव भत्तामात्र होला अरु त त्यस्तै त्यस्तै हो।

लाजले पनि लाज मान्ने बेलासम्म पनि यि सत्ता सञ्चालकको पारा केही चेन्ज भएको छैन। कर्णाली प्रदेश सरकारले हालसम्म ६ वटा निति, कार्यक्रम तथा बजेट कार्यान्वयन गरेको छ। आव ०७४/७५ देखी गत आवसम्म विकास निर्माणका काममा सरकारले विनियोजन गरेको रकम ५० प्रतिशत पनि खर्च गर्न सकेको छैन। खाली सैतान दिमाग लगाउने सुरुका ९ महिना काम नगर्ने बाँकी रहेका महिनामा भने टुक्रे योजना बनाउने र भद्रगोल खर्च गर्ने प्रवृत्ति झन मौलाउँदो छ भन्दा फरक पर्दैन। किनकि आफ्ना आसेपासे, नातागोता, कार्यकर्ता खुशी बनाउने एउटा माध्यम भनेको टुक्रे योजना र घुमाईफिराई अनुदान नाम राखेर दिने दान नै हो अनु थपेर सुन्दा अलिक राम्रो बनाएर सरकारको सम्पत्तिमा रजाँई गरेकै छन्।

पुरानै शैलिमा काम गर्न बानी परेकाहरुलाई जति पुच्छर निमोठेपनि केही लाग्नेवाला छैन। अनि कसरि हुन्छ अपेक्षित लक्ष्य प्राप्ती ? अपेक्षित लक्ष्य प्राप्तिको बाधाहरुमध्येको पहिलो नम्मरको बाधा हो पुरानै कार्यशैलि। यो सरकारको विकास बजेटको ग्राफ भनेको असारे विकासमा निर्भर रहेको छ। अरुवेला बजेट कार्यान्वयनमा ध्यान नदिने जव आर्थिक वर्षको अन्त हुन्छ तव बजेटान्तर गरेर भएपनि हचुवाको भरमा बजेट खर्चको अंक बढाउने प्रबृति पुरानै हो।

न समयमा बजेटको अख्तियारी पठाउछ, न त्यो कार्यान्वयन गर्ने जनशक्तिको विषयमा टुङ्गो हुन्छ। न त ठूला ठूला महत्वका आयोजना समेटीन्छ यदी समेटी हालेपनी कानुनी बाधाहरुले गर्दा कर्णालीमा विकास बजेट खर्च नभएको कुरा देखाउँदै आएका छन्। कति सत्य कति मिथ्या त्यो भन्नेहरु नै जानुन तर यसलाई पनि पूर्ण रुपमा बनावटी कुरा भन पनि मिल्दैन।

समयमै बिकास बजेटलाई नियमबद्ध रुपमा कार्यान्वयनमा लगेका आफ्ना आसेपासेलाई पोस्न नपाईने कारण पनि धकेलीधकेली अन्तिममा पुगाउछन। जव मसान्त संघारमा आउछ तव सबैलाई बिकास बजेट खर्चको ग्राफ बढी से बढी देखाउनुपर्ने हुन्छ तव के नियम, के निति, के विधि उहि पुराना थिती हेयो। अनि गयो बजेटान्तरण अनि बनायो टुक्रे योजना र आफु अनुकुलका काम गयो। आफु पनि खुसी आफ्ना पनि खुसी। आखिर आम मानिसका खुसि कहिले कसले पो चिन्ता गरेका थिए र अहिले यिनले गरेनन भनेर चित्त दुखाउनु बानी परेको त्यो बानी पनि लागिराछ । ठीकै छ। तर विकास बजेट खर्चको ग्राफ बढाउने नाममा भएको बजेट टुक्राउने र बजेटान्तर गर्ने काम चाहीं राम्रो होईन। यो व्यक्तिको लागी ठिक र सरकारका लागी स्लोपोईजन हो।

## विदेश

# रुसको युक्रेन युद्धमा समर्थन गरेको अमेरिकी दाबीको चीनद्वारा निन्दा



**बेइजिङ, ११ वैशाख (रासस/एएफपी)।**

बेइजिङले युक्रेनमा रुसको युद्धको समर्थन गरिरहेको भन्ने अमेरिकाको 'निराधार आरोप' को चीनले मङ्गलबार निन्दा गरेको छ।

'संयुक्त राज्य अमेरिकाले युक्रेनका लागि ठूलो मात्रामा सहायता विधेयक अगाडि ल्याएको छ, साथै चीन र रुसबीचको सामान्य व्यापारविरुद्ध आधारहीन आरोप पनि लगाएको छ', विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले भन्नुभयो, 'यस्तो प्रकारको दृष्टिकोण अत्यन्त कपटी र पूर्णतः गैरजिम्मेबारपूर्ण छ र चीन यसको कडा विरोध गर्दछ।'

चीन र रुसले हालैका वर्षहरूमा आर्थिक सहयोग र कूटनीतिक सम्पर्क बढाएका छन् र युक्रेनमाथि आक्रमण गरेपछि उनीहरूको रणनीतिक साझेदारी अझ घनिष्ठ भएको छ।

चीनले आफू युक्रेन द्वन्द्वमा तटस्थ पक्ष भएको बताउँछ तर मस्कोको हमलाको निन्दा गर्न अस्वीकार गरेकामा उसको आलोचना गरिएको छ। साथै यसै साता अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनको बेइजिङको योजनाबद्ध भ्रमणअघि अमेरिकाले चीनमाथि युक्रेन युद्धमा सोभियत युगपछिको सबैभन्दा ठूलो सैन्यकरणका रूपमा रुसलाई सहयोग गरेको आरोप लगाएको थियो।

ब्लिङ्केनले शुक्रबार रुसलाई उसको सैन्य विस्तारका लागि प्रयोग गर्ने घटकहरू आपूर्ति गरेर चीनले युक्रेन युद्धलाई बढावा दिइरहेको बताएका थिए। 'रुसको रक्षा औद्योगिक आधारको कुरा आउँदा अहिलेको समयमा यसमा मुख्य योगदानकर्ता चीन हो', काप्रीमा जी७ का मन्त्रीहरूको बैठकपछि उनले पत्रकारहरूसँग भने, 'युक्रेनविरुद्ध रुसको आक्रामकता जारी राख्नका लागि यसले अनुमति दिइरहेको छ।'

अमेरिकी अधिकारीहरूले चीनले प्रत्यक्ष सैन्य सहायता दिन बन्द गरेको भए पनि दोहोरो प्रयोगको आपूर्ति प्रदान गरेको बताएका छन्। यसबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीको नेतृत्वमा रहेको हाउस अफ रिप्रेजेन्टेटिभ्समा निष्क्रियताका कारण युक्रेनलाई अमेरिकी सहायतामा भएको लामो ढिलाइले रुसलाई पुनः सङ्गठित हुन सहयोग पुगेको छ।

युक्रेन युद्धमा रुसलाई सहयोग गरिरहेको भन्ने दाबीहरूलाई चीनले लामो समयदेखि खण्डन गर्दै आएको छ। साथै उसले रुससँगको आफ्नो सम्बन्धमा 'आलोचना वा दबाब' स्वीकार नगर्ने बताएको छ।

'युक्रेन युद्धमा चीनले सधैँ उद्देश्यपूर्ण र न्यायपूर्ण अडान राखेको छ, शान्ति वार्ताका लागि सक्रियरूपमा वकालत गरेको छ र राजनीतिक समाधानमा जोड दिएको छ', मन्त्रालयका प्रवक्ता वाङले भने, 'दोहोरो उपयोग हुने वस्तुहरूको निर्यातमा चीनले लगातार नियम लागु गर्दछ।'

'चीन न युक्रेन सङ्कटको निर्माता हो न त यसको पक्ष नै हो र उसले कहिल्यै पनि आगोमा घिउ हालेको छैन', उनले भने 'हामी दोस्रो पक्षलाई दोष दिने वा हामीमाथि दोष लगाउने स्वीकार गर्दैनौं।'

# कर्णाली सभ्यता अन्तर्गत प्रचलित हाम्रा परम्परागत पेशा व्यवसायहरु



विरेन्द्र प्रकाश डि. सी.

कृषि र पशुपालन हाम्रा प्राचीन पेशा व्यवसायहरु हुन्। कृषिका लागि पशुपालन र पशुपालनका लागि कृषि आवश्यक हुने भएकोले यी दुवै व्यवसाय परस्पर अन्तरसम्बन्धित पनि छन्। प्राचिनकालमा जीवन निर्वाह गर्न यी बाहेक अन्य प्रयाप्त विकल्पहरु पनि उपलब्ध थिएनन्। केहि मात्रामा कृषि र पशुपालनमा आधारित व्यापार व्यवसायहरु पनि गर्ने प्रचलन रहेको पाइन्छ। मानव सभ्यताको विकास र जीवन निर्बाहको लागि हाम्रा पुर्खाले अंगालेका केही परम्परागत पेशा व्यवसायहरुको बारेमा यहाँ संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ।

### १) भैंसी पालन व्यवसाय

भैंसीपालन व्यवसाय हाम्रो पुरानो व्यवसाय हो। कृषि र पशुपालनको इतिहास जति पुरानो छ हाम्रो भैंसी पालन व्यवसायको इतिहास पनि त्यत्तिकै पुरानो छ। आधुनिक युगमा आर्थिक लाभको हिसाबले भैंसी पालन व्यवसायको विशेषगरी मुख्य तीनवटा उद्देश्य हुने गर्दछ। पहिलो दुध र दुधजन्य वस्तुको उत्पादन, दोस्रो कृषि उत्पादनको लागि मलमुत्र र तेस्रो छाला र मासुको उत्पादन। प्राचीनकालमा भैंसी पालनको मुख्य उद्देश्य पारिवारिक उपभोगको लागि दुध, दहि, मोही, नौनीको उत्पादन र आयआर्जनको लागि घ्यु उत्पादन, कृषि कार्यको मलमुत्रको प्रयोग गर्ने भन्ने हुन्थ्यो। घरघरमा व्यवसायिक रुपमा कम्तिमा चार/पाँचवटा भैंसी पालन गर्ने चलन थियो। समाजमा जसका भैंसा धेरै उसैका पैसा धेरै भन्ने मान्यता प्रचलित थियो। भैंसी बाँध्न प्रयोग गरिएको काठको खम्बालाई किलो र त्यसमा प्रयोग गरिएको डोरीलाई दाम्लो भनिन्छ। भैंसीको किलो ठोक्न प्रयोग गरिने काठको औजारलाई मुङ्ग्रो भनिन्छ। भैंसी ब्याएपछि भैंसीको किलो दाम्लो, मुङ्ग्रोको पुजा गर्ने र देवीदेवतालाई भैंसीको दुध, खीर चढाउने, धुप, दियो बाल्ने प्रचलन स्थानीय समुदायमा हालसम्म पनि चलि आएको छ।

- **दूध उत्पादन** : भैंसीको दुध स्वास्थ्यको लागि अत्यन्त लाभदायक मानिन्छ। दुधसँग रोटी, भात, ढिडो, सातु खाने वा चिया कफिमा राखेर वा सिधै पिउने पनि गरिन्छ। दुधमा चामल राखेर पकाइएको परिकारलाई खीर भनिन्छ। खिर बालबालिका देखि युवा, वृद्ध सबैको लागि मनपर्ने भोजन हो। हाम्रा स्थानीय चाडपर्वहरु सङ्क्रान्ति, न्वागी, तीज, कृष्ण जन्माष्ठमी र अन्य पुजा उत्सवहरुमा खिरको विशेष महत्व रहने गर्दछ। भैंसीको पुलिङ्गलाई राँगा भनिन्छ। राँगा लागेको दस महिना पछि भैंसी ब्याउछ। भर्खर ब्याएको भैंसीलाई लैनु (लौरु) भैंसी भनिन्छ भने ब्याएर पनि दुध दिन थालेको छ महिनाभन्दा बढी समय भएको भैंसीलाई बकेर्नु भैंसी भनिन्छ। भैंसीको बच्चालाई पाडापाडी भनिन्छ। एउटा लैनु भैंसीले बिहान र बेलुका गरेर दिनको दुईपटकमा करिब ५ देखि १० लिटरसम्म दुध दिन्छ।
- **दही उत्पादन** : हिन्दु समुदायमा दहीको साइत अत्यन्त शुभ हुने मान्यता रहि आएको छ त्यसैले प्राय सबैजसो शुभकार्यमा दही चढाउने चलन रहेको छ। हाम्रो समुदायमा बिबाह उत्सवमा दुलहा पक्षबाट जन्ती जाँदा बैबाहिक नाता सम्बन्ध शुभ रहोस् भनी काठको भुर्कामा दही सँगै हरियो सागको मुठा समेत लिएर जाने परम्परा रहिआएको छ। दहिलाई ठेकीमा राखेर त्यसमा मदानी र खिर्या जोडेर घुमाउदा दही केही क्षणपछि मोही र नौनीमा परिणत हुन्छ। मोही भोक, प्यास मेटाउन पिउने वा रोटी, ढिडोसँग खाने गरिन्छ।
- **घ्यू उत्पादन** : नौनीलाई पकाउदा घ्यू बन्छ। घ्यूमा प्रशस्त मात्रामा प्रोटिन र चिल्लो पदार्थ पाइन्छ। नौनीमा चामल पकाएर तयार पारिएको परिकारलाई बिलौनी भनिन्छ। तेलको सट्टामा नौनी राखेर त्यसमा दाल, तरकारी पकाउने पनि चलन रहेको छ। नौनीमा राखेर पकाइएको तरकारी स्वादिष्ट हुने र स्वास्थ्यको लागि पनि समेत लाभदायक हुने मानिन्छ।
- **आय आर्जन** : भैंसीको दुध उत्पादन गरेर बिक्रीवितरण गर्ने चलन हाम्रो समुदायमा भर्खर मात्र सुरुवात भएको हो। उतिबेला दूध, दही, घ्यू बिक्रीवितरण गर्न नजिकमा बजारको व्यवस्था थिएन। गाउँटोल छिमेकमा सरसापट, पालोपैंचो, अर्मापर्मा गरेर हरेक कार्यमा निशुल्क रूपमा सरसहयोग आदानप्रदान गरेर धेरैजसो दैनिक आवश्यकताहरु पुरा गरिन्थ्यो।

प्राचिन समयमा उत्पादित घ्यू सुरुवातमा छालाको सिद्या (ठेकी) मा र पछि उताबाट आयात गरिएको टिनको बाकसमा जम्मा गरेर बिक्रीवितरणको लागि हाम्रो नजिकको बजार नेपालगञ्जसम्म आफैले डोकोमा बोकेर वा घोडामा ढुवानी गरेर बेच्न लैजाने र उताबाट नुन किनेर ल्याउने प्रचलन रहेको थियो। कोही कसैले इच्छा अनुसार सुन, लत्ताकपडा, भाँडाकुँडा पनि किनेर ल्याउने गर्दथे। नेपालगञ्ज जान चार दिन र आउन चार दिन कम्तिमा आठ दिनको बाटो हिड्नुपर्ने हुन्थ्यो। रातमा खुल्ला आकाश वा ओढारमा बास बस्नुपर्ने अवस्था थियो। नेपालगञ्जभन्दा यता अहिलेको जस्तो गाउँघरमा नजिकै बजार, यातायातका साधन र अन्य सुविधाहरु आइसकेका थिएनन्।

- **अर्गानिक उत्पादन** : भैंसीको मलमुत्र कृषि उत्पादनको लागि अत्यन्त उपयोगी हुन्छ। पर्यावरणीय दृष्टिकोणले माटो भित्रका सुक्ष्म जीव र बोटबिरुवा र उत्पादित खाद्यवस्तुको गुणस्तरको लागि समेत भैंसीको मलमुत्र लाभदायक हुने कुरा वैज्ञानिक परीक्षणहरुबाट पुष्टि भएको छ। दिर्घ जीवन तथा मानव स्वस्थ्यको हिसाबले अर्गानिक खाद्यवस्तुको उपभोग अत्यन्त स्वास्थ्यवर्धक मानिएको छ। जसको लागि जैविक मलको प्रयोग एकमात्र अचुक उपाय हो जसको व्यवहारिक प्रयोग हाम्रा पुर्खाले सयौं वर्ष पहिलेदेखि गर्दै आएका थिए। भैंसीको गोबरमा माटो मिसाएर घर, आँगन, कोठा, डालो, ठुइलो, नाङ्लो, मान्द्रो आदि पोत्न पनि प्रयोग गरिन्छ। आँगन पोतेर त्यसमा गहुँ, जौ, तोरी, कोदो मिर्ने गरिन्छ त्यसरी तयार गरिएको स्थानलाई खलो भनिन्छ। खलोको बिचमा एउटा काठको मियो गाडिएको हुन्छ र त्यसमा गोरुहरु जोडेर दाँइ हाल्ने गरिन्छ।
- **छाला र मासुको उत्पादन** : भैंसीको राँगा, पाडापाडी वा थारो भैंसी छाला र मासुको उत्पादनको लागि समेत उपयोग गर्ने चलन रहेको छ। भैंसीको छालाबाट जुत्ता, झोला, डोको, दमाहा, टेम्की इत्यादि सामाग्रीहरु बनाउन सकिन्छ भने कतिपय स्थानीय समुदायमा मन्दिरमा राँगाको बलि चढाउने, मासु बिक्रीवितरण गर्ने र पकाएर खाने चलन पनि रहेको पाइन्छ।
- **ठेको/ठेकी** : ठेकी काठबाट बनेको एक भाँडा हो। काठका ठेका भुर्का, गाबु बनाउने विशेषगरी चनारा जाती (एक शिल्प समुदाय) का मानिसहरुको एक विशेष सीप हो। गिठा, कोइराल, लालीगुराँस आदि नरम जातका काठहरुबाट यी भाँडाहरु बनाइन्छ। दूध जमाउने, मोही पार्ने काममा ठेकीको विशेष प्रयोग हुन्छ। गिठा जातको काठबाट बनेको ठेकी सर्वोत्कृष्ट मानिन्छ। किनकि यसमा जमाएको दही राम्रोसँग जम्छ र त्यसको स्वाद र स्वास्थको लागि पनि राम्रो मानिन्छ। गिठाको ठेकी लामो समयसम्म टिकाउ समेत हुने गर्दछ।
- **भुर्का/भुड्को** : सानो आकारको ठेकीलाई भुर्का वा भुड्को भनिन्छ। यो खासगरी दहि जमाउन, खेतबारी, टोल छिमेकमा दूध, दही, मोही ल्याउन लैजान र बिहेमा जन्ती जाँदा दुलहासँगै दहीसाग लिन यसको विशेष प्रयोग गर्ने चलन रहेको छ।
- **गाबु/गबुवा** : दुहुनो गाई भैंसीको दुध दुहुन प्रयोग गरिने काठको भाँडोलाई गाबु वा गबुवा भनिन्छ। गाबुको आकार अनुसार यसमा करिब २ देखि ५ लिटरसम्म दुध अटाउछ। मोही बनाउदा उत्पादित नौनी राख्न पनि गाबुको प्रयोग गरिन्छ।
- **उभिन्डो** : ठेका, भुर्का आदिको घाँटीमा बाँधेर झुन्ड्याउन प्रयोग गरिने डोरीलाई उभिन्डो भनिन्छ। उभिन्डो सँगै बिर्को (ढकनी) समेत बाँधिएको हुन्छ।
- **मदानी/मधानी, नेती र खिर्या** : दहिबाट मोही र नौनी बनाउन प्रयोग गरिने एक नरम जातको काठबाट बनेको परम्परागत घरेलु औजारलाई मदानी वा मधानी भनिन्छ। यसमा प्रयोग गरिने एक विशेष तरिकाले तयार गरिएको डोरीलाई नेती भनिन्छ। खिर्या भनेको पनि एक नरम जातको काठबाट बनेको बुट्टेदार औजार हो। यसको टुप्पोतिर एक प्वाल पारिएको हुन्छ जसमा मदानी छिराएर घुमाउने गरिन्छ। मदानीको फेदमा चारतिर चिरा पारेर त्यसमा त्यसमा एक पिन्याखर नामको जंगलमा पाइने घाँसको जरा राखेर डोरीले कसिलो गरेर बाँधिएको हुन्छ। मोही बनाउदा मदानीको टुप्पो खिर्यामा घुसाएर अड्याइएको हुन्छ भने जरा भएको भाग (फेद) ठेकी भित्र दहीमा डुबाइएको हुन्छ बीचमा नेती राखेर घुमाइन्छ। ठेकीमा मदानी, नेती र खिर्या जडान गरेर त्यसलाई मैन खाँबो (थाम) मा अड्याएर दुवै हातले विस्तारै पालैपालो तान्दा मदानी घुम्ने भएकोले केही क्षण पछि दही मथिएर मोही र नौनीमा परिणत हुन्छ।
- **चौंठो** : काठबाट बनेको घ्यु वा तेल राख्न प्रयोग गरिने सानो ठेकीलाई चौंठो भनिन्छ। ठेकीको एक चौथाइ भाग बराबरको परिमाणमा घ्यु वा तेल अटाउने भएकोले यसलाई चौंठो भनिएको हो।
- **सिद्या** : हाम्रा पुर्खाले भैंसीको घ्यु जम्मा गरेर बिक्रिवितरणको लागि नेपालगञ्ज बजारसम्म पुऱ्याउन जनावरको छालाबाट तयार गरिएको ठेकीलाई सिद्या भनिन्छ। प्राचीनकालमा धातु र काठबाट बनेका अन्य भाँडाकुडाको अभाव हुने भएकोले यस्तो ठेकीमा घ्यु बाहेक अन्य खाद्यवस्तुहरु पनि राख्ने गरिथ्यो।

### २) गाईपालन/गौपालन

हिन्दु समुदायमा गाईलाई धनधान्यकी देवी लक्ष्मी माताको रूपमा पुजा श्रद्धा गर्ने चलन समेत रहेको छ। गाईलाई नेपालमा राष्ट्रिय जनावरको मान्यता दिइनु पनि गाई र नेपाली हिन्दु समुदाय बिचको प्राचीनकाल देखिको धार्मिक, साँस्कृतिक सम्बन्ध र यसको बहुउपयोगिताको कारणले नै हो भन्न सकिन्छ।

गाईको दुध, दहि, घ्यु र खिर देवीदेवताहरुलाई चढाएर पुजा गर्ने विशेष प्रचलन रहेको पाइन्छ। गाईको गहुतको हिन्दु समुदायमा विशेष महत्व हुन्छ। देवीदेवताको पुजा, यज्ञ जस्ता हरेक शुभ कार्यको शुभारम्भ गर्दा र बिबाह, जन्म, मृत्यु संस्कारमा समेत गाईको गहुत सेवन गरेर शुद्ध हुने र गोबरले पोतेर चोख्याउने प्रचलन समेत रहेको छ। गाईको दुध, दही, मोही, घ्यू र गहुतको नियमित सेवनबाट मानव स्वास्थ्यका लागि थुप्रै रोगहरुको उपचार समेत हुने जनविश्वास रहि आएको छ। यस सम्बन्धमा थप अध्ययन, अनुसन्धान हुन भने बाँकी नै छ। हिन्दु धर्मावलम्बी डाँगी समुदायमा गाईको दुध र घ्यूको विशेष महत्व रहेको छ। डाँगीहरुले कुलदेवीको रूपमा बग्गेश्वरी देवीको पुजा गर्दा देवीलाई चढाइने चामलको पिठोबाट तयार पारिएको विशेष परिकार पुवा गाईको घ्यूमा मात्र भुटेर तयार गरिन्छ। देवीलाई गाईको दुधको धार दिइन्छ भने पुजामा चढाइने खिर पनि गाईको दुधबाट मात्र तयार गरिन्छ। गाईको घ्यूमा रातभरि दियो बालेर पुजा गर्ने प्रचलन समेत रहेको छ।

गाईको साँढेलाई बहर भनिन्छ। वयस्क बहरलाई स्थानीय प्रविधिको प्रयोगबाट र हाल आधुनिक प्रविधिमा समेत गोरु बनाएर खेतबारीमा जोत्ने चलन रहेको छ। गोरु जोडामा जोत्ने गरिन्छ। गोरुको एक जोडीलाई एकहल भन्ने गरिन्छ। एक हल गोरु जोत्नको लागि ज्वाली, ज्वालीमा हलुर, हलो, हलोमा फराइ र फराइमा फालो जडान गरिएको हुन्छ। हिन्दु समुदायमा गोरुलाई भगवान शिवको बहानको रूपमा पुजा, श्रद्धा गर्ने गरिन्छ। हिन्दुहरुको महान चाड तिहारमा गाई र गोरुको विशेष पुजा गर्ने परम्परा रहेको छ।

- **पञ्चामृत** : गाईको दुध, दही, घ्यु, मह र चिनी आदि पाँच पदार्थहरु मिलाएर तयार पारिएको अति स्वादिष्ट एवं स्वस्थकर खाद्यवस्तुलाई पञ्चामृत भनिन्छ। हिन्दु धर्म सम्प्रदायमा पुजा, यज्ञ, सप्ताह जस्ता धार्मिक अनुष्ठानहरुमा भगवानको प्रसादको रुपमा पञ्चामृत सहित अन्य परिकारहरु आगन्तुक श्रद्धालु भक्तजनहरु सबैलाई भोजन गराउने प्रचलन रहि आएको छ।
- **पञ्चगव्य** : गाईको गउँत, गोबर, दुध, दही र घ्यु आदि पाँच पदार्थहरु मिलाएर तयार गरिएको पवित्र वस्तुलाई पञ्चगव्य भनिन्छ। हिन्दु धर्म सम्प्रदायमा पुजा, यज्ञ जस्ता धार्मिक अनुष्ठानका कार्यहरु गर्दा कर्ताहरुले सर्वप्रथम शरीर स्नान गर्ने र त्यसपछि पञ्चगव्य खाएर पवित्र हुने प्रचलन रहेको छ। हिन्दु समुदायमा प्रचलित सोह्रसंस्कारहरु अन्तर्गत मृत्यु संस्कारमा १२ दिनसम्म जुठो बार्ने र बह्रौं दिनमा नदि वा खोलाको किनारमा गएर शरीर स्नान गर्ने र पञ्चगव्य खाएर शुद्ध हुने

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – आज लाभदायक यात्रा र वैदेशिक कार्य अघि बढ्नेछ। धर्म, कर्म तथा समाजसेवामा मन लाग्नेछ। उपकार गरेर अरुको मन जित्न सकिनेछ।

**वृष** – आज अचल सम्पत्ति हात पर्न सक्छ। धार्मिक कार्यमा रुचि बढ्नेछ। वित्तिय संस्थाबाट सहयोग पाइनेछ। प्रेम र मित्रताको बन्धन कसिने बेला छ।

**मिथुन** – आज स्वास्थ्यमा समस्या आउँदा शरीर भारी र मन अस्थिर रहन सक्छ। मनमा चञ्चलता बढ्नेछ, तर साँझमा शुभ समाचार सुन्नमा आउला।

**कर्कट** – रोजगारको अवसर मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। वित्तिय संस्थाबाट सहयोग पाइनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ।

**सिंह** – आज सामाजिक सेवा गर्ने अवसरले मानप्रतिष्ठा बढाउनेछ। कार्य सम्पादनमा सहजता मिल्नेछ। व्यापार व्यवसायमा पनि सफलता पाइनेछ।

**कन्या** – विद्या र बुद्धिको विकास हुनेछ। मङ्गल कार्यको योग छ। पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला। रोजगारको अवसर पनि मिल्नेछ।

**तुला** – अनावश्यक ठाउँमा धन खर्च हुनेछ। निर्णय कार्यान्वयन हुन सक्दैनन्। मनमा दुबिधा उत्पन्न हुनेछ। बुद्धिले काम नगर्न सक्छ, सचेत रहनु होला।

**वृश्चिक** – मङ्गल कार्यको योग छ। चिताएको कामले तीव्रता लिनेछ। व्यापार, व्यवसायबाट फाइदा लिन सकिनेछ। महिला मित्रबाट विशेष सहयोग मिल्नेछ।

**धनु** – आज शुभकार्यको चर्चा चल्नेछ। नयाँ काम वा रोजगार पाइन सक्छ। सामाजिक कार्यमा सफलता मिल्नेछ। जोशजाँगर र हिम्मत पनि बढ्ला।

**मकर** – मानसिक चिन्ता बढेपनि कार्यक्षेत्रमा प्रगति हुनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। कला र गलाको प्रभाव बढ्नेछ। धन पनि हात लाग्न सक्छ।

**कुम्भ** – व्यर्थको यात्रामा जान बाध्य भइएला। मन खिन्न हुने स्थिति आउनेछ। नजिक व्यक्तिबाट धोका पाइन सक्छ। पेट सम्बन्धी समस्या आउनसक्छ।

**मीन** – बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्नेछ। आयआर्जनका क्षेत्रमा सुधार आउनेछ। बौद्धिकताको विकास हुनेछ।

# नेपाली भाषा र साहित्यको पृष्ठभूमि कर्णाली भएको निश्कर्ष

**युग संवाददाता**
**सुर्खेत, ११ वैशाख ।**

भाषा र साहित्यमा लामो समय अध्ययन गरेको अध्ययेताहरुले नेपाली भाषा र साहित्यको खास पृष्ठभूमि कर्णाली भएको बताएका छन् । नेपाली भाषाको उद्गम स्थल सिंजा रहेको कर्णाली क्षेत्र नेपाली साहित्यको पनि पृष्ठभूमि भएको उनीहरुको निश्कर्ष छ ।

मंगलबार सुर्खेतमा भएको कर्णाली लिट्रेचर फेस्टिभल अन्तर्गत 'भाषा, साहित्य र शिक्षा' विषयक बहस सत्रमा सहभागी अध्येयताहरुले नेपालमा बोलिने भाषाको मुल थलो कर्णाली भएको बताएका हुन् ।

भाषा विज्ञ डा. प्रेम चौलागाईंले नेपालमा अहिले बोलिने भाषाको मुल थलो खस सभ्यता कर्णाली रहेको भन्दै खस भाषा नै मातृभाषा भएको बताए । खस भाषाको उचित संरक्षण हुन नसकेको भन्दै भाषा र संस्कृति दिएको सभ्यतालाई संरक्षणमा चासो नदिईएको उनले औंल्याए । अब कर्णाली सभ्यताको ईतिहास लेख्नुपर्ने उनको भनाइ छ ।

सहप्राध्यापक डा. महेन्द्रकुमार मल्लले कर्णाली आधुनिक साहित्यको पनि पृष्ठभूमिका रुपमा रहेको बताए । 'खस भाषा नेपाली भाषा हो, खसबाट विकसित भएको नेपाली रुप हो,' उनले भने, 'कर्णाली क्षेत्रको भाषा, साहित्य र इतिहासको बारेमा योगी नरहरिनाथलाई जति जानकारी अरुलाई छैन ।'

शिक्षाका बारेमा बोल्दै डा. मल्लले पछिल्लो राजनीतिक परिवर्तनपछि विद्यालय शिक्षामा सुधार ल्याउने कुरा योजनामै सिमित भएको बताए । शिक्षामा बालबालिको पहुँच विस्तार गर्ने, गुणस्तर सुधार गर्ने सरकारका योजना पूर्णरुपमा कार्यान्वयन हुन नसकेको उनले बताए ।

उनले कर्णालीका बारेमा लेख्नुपर्ने धेरै विषय भएपनि लेखनमा सक्रियता नहुँदा ओझेलमा परेको बताए । सत्रका अर्का वक्ता सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाख प्रमुख अनिता ज्ञवालीले कर्णालीमा सिकाई उपलब्धी ६० प्रतिशतभन्दा माथी जान नसकेको बताईन् । उनका अनुसार कर्णालीमा ७.८ प्रतिशत बालबालिकालाई शिक्षको पहुँचमा अहिले पनि ल्याउन सकिएको छैन ।

'अहिले पनि सामुदायिक विद्यालयमा भन्दा निजी विद्यालयमा विद्यार्थीको संख्या धेरै छ, कर्णालीको सिकाई स्तर वृद्धि गर्न र पठन संस्कृतिको विकास गर्न पहिलो कुरा बालबालिकालाई पहुँचमा ल्याउने कामबाट सुरु गर्नुपर्छ,' उनले भनिन्, यहाँको शिक्षाको गुणस्तरमा पनि सुधार गर्नुछ, विद्यालयप्रति बढ्दो वितृष्णा कम गर्नुछ ।'



**अध्ययन गर्नुपर्ने थुप्रै पुस्तक कर्णालीमा छन् : प्रदेश प्रमुख परियार**

उद्धाटन कार्यक्रमका बोल्दै परियारले कर्णालीको विगत गौरवपूर्ण रहेको बताए । योगी नरहरीनाथको जन्म भएको प्रदेश भएकाले यहाँ अध्ययनका लागि थुप्रै पुस्तकहरुको जन्म उहाँबाट भएको कुरा उल्लेख गर्दै उनले भने, 'उहाँले थुप्रै किताबहरु लेख्नुभएको छ, उहाँसँग मेरो पहिलो भेट ०३५ सालमा दिल्लीमा भएको थियो,त्यहाँ भएको पहिलो भेटमै प्रभावित भएको थिएँ ।'

योगी नरहरीनाथले त्योबेला कर्णालीको इतिहास र अवस्थाको विषयमा जानकारी गराएको परियारले बताए । 'उहाँ विद्धान, दुरदृष्टि राख्ने व्यक्ति हुनुहुन्थ्यो,' उनले भने, 'कुनै पनि चिजको हजार माइल यात्रा सुरु गर्दा जिरोबाट सुरु हुन्छ, कुनै बेला योगी नरहरीनाथले लेखन र पठन संस्कृतिको सुरुवात गर्नु भएको थियो ।'

लेख्ने, पढ्ने, सोच्ने कुरालाई नयाँ तरिकाले विकास गर्ने कुरामा जोड दिएर अघि बढ्नुपर्ने उनले बताए । कर्णाली रिडर्स सोसाइटीद्धारा सञ्चालित कार्यक्रम कर्णालीको भाषा, साहित्य तथा संस्कृतिको विकास गर्ने उद्देश्यसहित सञ्चालन गरिएको हो ।

उत्सवमा योगी नरहरीनाथदेखि कर्णालीको इतिहासका विषयमा लेखिएका पुस्तकहरू प्रद्धशनीमा राखिएको छ । कर्णालीका विषयमा लेखिएका करिब ५ सय पुराना पुस्तकहरू संकलन गरिएको कार्यक्रमका संयोजक डाक्टर नवराज केसीले बताए ।

**'कर्णाली साँच्चिकै दुर्गम रहेछ'**

नेपाली भाषामा विद्यावारिधी गरेका माइकल हर्ट यतिबेला नेपालकै दलित समुदायबारे अध्ययन गरिरहेका छन् । त्यसभित्र पनि उनले दलित साहित्यलाई महत्वका साथ आफ्नो अध्ययनभित्र राखेका छन् । उनले दलितका अनुभव, प्रतिरोध, उत्पीडन जस्ता विषयलाई पनि आफ्नो अध्ययनमा समावेश गर्न खोजेका छन् ।

अध्ययनका क्रममा आफूले दलितहरुको अनुभव, प्रतिरोध, उत्पीडनलाई साहित्यका दृष्टिकोणबाट हेर्दा महत्वपूर्ण लागेको माइकलले बताए । 'म अहिले दलित समुदायबाट आएका मान्छेहरुले लेखेको साहित्यको विषयमा अध्ययन गरिरहेको छु, खासगरी पहाडी दलित समुदायबाट आएका लेखकहरुले लेखेका पुस्तकहरुको विषयमा बुझ्दै छु,' सुर्खेतमा आयोजित कर्णाली लिट्रेचर फेस्टिभलको 'भाषा, साहित्य र शिक्षा' सत्रका वक्ता रहेका माइकलले भने, 'दलितको अनुभव, प्रतिरोध, उत्पीडनका विषयहरु स-साना छन्, तर तिनलाई साहित्य र राजनीतिक दृष्टिकोणबाट हेर्दा निकै महत्वपूर्ण छन् ।'

उनले आफूले अध्ययन गरेको दलित साहित्यका विषयमा पुस्तक लेख्ने योजना बनाएका छन्। उनले आफू अध्ययनका क्रममा कर्णाली आउँदा निकै दुर्गम भएको अनुभव गरेको बताए । 'म नेपाली भाषाको इतिहासका बारेमा बुझ्दै थिएँ, जुम्लाको बारेमा बुझ्दै थिएँ,' उनले भने, 'सुरुमै पश्चिमतिर आउन सकिएन, काठमाडौं वरिपरी बसेर काम गरेको मैंले कर्णाली आउँदा थाहा पाएँ, कर्णाली त साँच्चिकै दुर्गम रहेछ ।'

उनले नेपालको साहित्य राजधानीको वरिपरी मात्र सिमित रहेको आफूले पाएको बताए । यसलाई सबैतिर विस्तार गर्नुपर्नेमा माइकलले जोड दिए । उनले नेपालमा अध्ययनका क्रममा पाँच सय भन्दा धेरै पुस्तक आफूले पढिसकेको बताए ।

माइकलले कर्णाली ब्लुजको अंग्रेजीमा अनुवाद पनि गरेका छन् । मुनामदन पनि उनले अनुवाद गरेका छन् । 'मैंले नेपाली पुस्तक अनुवाद गर्दा कर्णाली टेकेको पनि थिएन, पछि मात्र टेक्न पाएँ,' उनले भने ।

माइकलले तत्कालिन माओवादी छापामारहरुले लेखेको पुस्तकहरुको संस्मरण पनि बनाएका छन् । त्यसक्रममा माओवादी विद्रोहमा हुँदा उनीहरुले घरपरिवार छाडेर किन युद्धमा होमिएका थिए भन्ने आफूले थाहा पाएको माइकलले बताए ।

**नेतृत्वमा पढेको मानिस भए फरक पर्छ : सीके राउत**

महोत्सवका वक्ता रहेका जनमत पार्टीका अध्यक्ष तथा प्रतिनिधि सभा सदस्य डाक्टर सीके राउतले जुनसुकै क्षेत्रमा नेतृत्व गर्ने वर्गले अध्ययनलाई महत्व दिनुपर्ने बताए । कर्णाली लिट्रेचर फेस्टिभल (कर्णाली साहित्य महोत्सव) अन्तर्गत 'नेतृत्व र पठन' विषयमा राखिएको सत्रमा वक्ताका रुपमा बोल्दै राउतले नेतृत्व वर्गले आफू र आफ्ना जनताका लागि ज्ञान लिनु जरुरी रहेको बताए ।

उनले नेतृत्व वर्गले सामाजिक, आर्थिक लगायत देश-विदेशको अवस्थाका बारेमा जानकार हुनुपर्नेमा जोड दिए। 'अहिले किन पढ्नुपऱ्यो भन्ने खालको भाष्य पैदा भईरहेको छ, तर त्यो गलत हो,' उनले भने, 'पढ्नु एकदमै आवाश्यक छ, अहिले विभिन्न किताबमा आधारित फिल्म बनाउने चलन आएको छ ।'

अहिलेको सूचनाप्रविधिको युगमा पढ्ने प्रचलन कम भएको उनले बताए । मानिसले बर्षमा कति किताब पढ्छ र कस्ता किताब पढ्छन् भन्ने कुराले व्यक्तित्व झल्काउने राउतले बताए । 'म हरेक दिन पढिरहेको हुन्छु, कुनैबेला बिहान मैंले दुई घण्टा पढिन भने त्यो दिन बर्बाद भएजस्तो ठान्थें ।' राउतले भने ।

वर्तमानमा 'पढेलेखेकाहरुले देश बिगारे' भन्ने भाष्य समाजमा निर्माण भएकोले पढ्ने संस्कृतिको विकास हुन नसकेको राउतले बताए। 'पहिले गाउँघरमा पढेलेखेका मान्छे भेटिँदा सम्मान हुन्थ्यो, अहिले त आक्रोश पोखिन्छ,' उनले भने, 'यो देश पढेलेखेकाहरुले बिगारे भनिन्छ, यहाँ पढेलेखेका मान्छेको कदर भइरहेको छैन ।'

उनले अहिलेको सरकार संसदप्रति जिम्मेवार नभएको टिप्पणी गरे। पहिलेका तुलनामा अहिले संसदमा सैद्धान्तिक छलफलको महत्व घटेको उनले बताए । संसदमा पनि पढेका मानिसको उपस्थितिले फरक अर्थ राख्ने गरेको अनुभव सुनाए । उक्त सत्रमा वक्ताका रुपमा रहेका वीरेन्द्रनगर नगरपालिकाका मेयर मोहनमाया ढकालले पछिल्लो पुस्तामा पठन र लेखन संस्कृतिको विकास गर्न आवश्यक रहेको बताईन् । अहिलेको समयमा युवाहरुले सामाजिक सञ्जालमा बढी समय दिने भएकाले पठनमा ध्यान नदिने गरेको उनले बताईन् ।

मेयर ढकालले इतिहासको बारेमा जान्न अध्ययन गर्नु अनिवार्य हुने बताईन् । 'हामीले विद्यालय शिक्षालाई निकै महत्व दिएर लागिरहेका छौं, कोही पनि विद्यालय बाहिर नरहनेगरि अघि बढेका छौं,' उनले भनिन्, 'यसबाहेक पुस्तक अध्ययनको वानी पनि बसाल्न पठन संस्कृतिको विकास गर्नु जरुरी छ ।'

## बालविवाह न्यूनिकरण गर्ने धामीझाँक्री र पुरोहित सम्मेलन

**भक्तबहादुर शाही**
**दैलेख, ११ वैशाख ।**

पश्चिम नेपालको समाजमा विद्यमान कुरिति कुसँस्कार मात्र होइन अज्ञानता अशिक्षा र गरिवी अझैं विद्यमान छ । बालविवाह, अन्धविश्वासले अझै पनि समाजमा जरा गाडेर बसको छन् । निर्मुल पार्न सरकारबाट प्रयास नभएका पनि होइनन् ।

एक दुई दिन अभियान चलाउने केही महिनामा छोडि दिने चलनले यस्तै हो भनेर गाउँका नागरिकले वेवास्ता गर्दै गएका छन् । तर न्युनिकरण भने विस्तारै भइरहेका छन । समाजमा छोराछोरी विच विभेद समाजमा उस्तै छ । छोरालाई काखा र छोरीलाई पाखा गर्ने समाज रुपान्तरणको अभ्यासमा विभिन्न संघसंस्थाहरु लागि परे पनि खासै काम गरेजस्तो देखिएको छैन ।

पैसा हुन्जेल अभियान सञ्चालन गर्छन रकम सकिएपछि अभियान रोकिने चलनले गर्दा संघ संस्थाका कर्मचारी समाज सेवा होइन जागिर खान आएका हुन भने गाउँका अगुवाले लख समेत काट्छन् । पछिल्लो समयमा कर्णालीका विभिन्न जिल्लाहरुमा बढदै गइरहेको बालविवाह न्युनिकरणको प्रयासमा विभिन्न स्थानीय तहहरुसँगको सहकार्यमा भइरहेको प्रयासले थोरै भएपनि भएपनि प्रतिफल प्राप्त भइरहेको देख्न सकिन्छ ।

त्यस्तै अनुसार दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिकाले बालविवाह न्युनिकरण देखि बालरोग र कुपोषण विरुद्ध धामीझाँक्री र पुरोहित सम्मेलन गरेको छ । सेभ द चिल्ड्रेन, एभरेष्ट क्लब दैलेख, पहिलो कदम परियोजना सँगको सहकार्यमा नगरपालिकाले पश्चिम नेपालमा विभिन्न देवि देवताका मन्दिरहरु देखि धामीझाँक्रीहरुमा विस्वास गर्ने समाजलाई चेतनावृद्धि देखि समाज परिवर्तनका लागि सम्मेलन प्रभावकारी बन्ने आशा गरिएको छ ।

कर्णाली प्रदेशको तेस्रो तथा दैलेख जिल्लाको पहिलो र पृथक कार्यक्रमको रुपमा उक्त सम्मेलनलाई लिइएको छ । बालवालिका देखि ग्रामिण क्षेत्रका मानिसहरु विरामी हुँदा होस या कुनै समस्या परेको खण्डमा धामीझाँक्रि कहाँ पुग्ने र उनीहरुको बचनलाई पुर्ण विस्वास गर्ने तथा विवाहको साइत हेर्नेदेखी विवाह सम्पन्न गर्ने पुरोहित समाज परिवर्तनका वाहक भएकाले उनीहरु मार्फत समाजमा सकारात्मक सन्देस दिनका लागि उक्त सम्मेलनको आयोजना गरिएको हो ।

सम्मेलनमा जिल्लाका बुद्धिजिवी, जनप्रतिनिधिहरु देखि नगरपालिका क्षेत्रका धामीझाँक्रि र पुरोहितहरुको सहभागिता रहेको थियो । धामी झाक्री सहित सम्मेलनमा सहभागिता जनाएका धाँमीझाँक्रिहरु र पुरोहितहरुलाई नगरपालिकाले सम्मान समेत गरेको छ । सम्मेलनको उद्घाटन गर्दै दैलेख क्षेत्र नं. २ प्रतिनिधिसभा सदस्य दिक्पाल कुमार शाहीले वालविवाह विसंगति र विकृतिका रुपमा रहेको भन्दै गरिवी पछौटेपन अशिक्षा र अभावका कारण हुने गरेको भन्दै सभ्य समाज निर्माणका सबै सचेत नागरिकले उत्तिकै जिम्मेवारी रहेको बताए । उनले भन, हामी सभ्य समाज निर्माणका लागि जानेका व्याक्तिले नजानेका सिकाउन सक्नुपर्छ अनि मात्र सभ्य समाज निर्माण हुन्छ । त्यसको लागि आजकै दिनबाट तपाई हामी लागिपर्नु पर्छ ।

सोही कार्यक्रममा बोल्दै चामुण्डाबिन्द्रासैनी नगरपालिका नगरप्रमुख गणेश कुमार शाहीले भौतिक विकास समयको चक्र अनुसार हुने भन्दै मानविय विकास आजको प्रमुख आश्यकता रहेको बताए । समाजमा चेतनाको विकास गर्नका लागि नै समाजको मुख्य भागमा रहेका धामीझाँक्रि पुरोहित सम्मेलन एक नयाँ कार्यक्रमका रुपमा रहेको छ उनले भने ।

कुपोषण र हिंसा न्युनिकरणका लागि अभियानको रुपमा संस्थाले भोलिका दिनमा समेत दिर्घकालिन रुपमा अगाडी बढाईने एभेरष्ट क्लव दैलेखका सचिव तथा सुचना अधिकारी कृष्ण केसीले बताए । समाजको पहिलो डाक्टरका रुपमा रहेका विभिन्न देविदेवताका धाँमी झाँक्रिहरुलाई सम्मानपुर्वक सम्मेलनमा सहभागिता गराई समाज रुपान्तरणको बाटोमा ल्याउन खोजिएको कार्यक्रमले समाजमा एक नयाँ सन्देश दिन खोजिएको हो उनले भने ।

## कर्णाली...

परम्परा परापूर्वकाल देखि चली आएको छ ।

● **हलो** : हलो खेतबारी जोत्न प्रयोग गरिने परम्परागत साधनहरु मध्ये एक महत्वपूर्ण साधन हो । हलो जोत्ने व्यक्तिलाई हलि भनिन्छ । यो करिब १.२५ मिटर जति लामो एक कडा प्रकारको काठबाट बनाइएको हुन्छ । हलोलाई हातले समाएर अड्याउन वा यताउता तलमाथि चलाउनको लागि अनौ (हतासो) र ज्वालीमा जोड्न करिब २ मिटर लामो काठको डन्डी (डाँरी) जोडिएको हुन्छ डाँरी अड्याउन प्रयोग गरिएको सानो काठको टुक्रालाई तारिको भनिन्छ । हलोमा खासगरी जमिनमा जोत्ने कार्यको लागि फराई जडान गरिएको हुन्छ । फराइमा फलामबाट बनाइएको फाली राखिएको हुन्छ । हलोमा डाँरी र फराइको सन्तुलन मिलाउन प्रयोग गरिएको सानो काठलाई पातो भनिन्छ । यसले आवश्यकता अनुसार डाँरी र फराइलाई ठाडो वा तेर्सो बनाउन सन्तुलन मिलाउने काम गर्दछ ।

● **ज्वाली/जुवा** : गोरु (बल्ल) जोड्न प्रयोग गरिने हलुका काठबाट बनेको साधनलाई ज्वाली भनिन्छ । ज्वाली प्रायःजसो लाखुरी, ल्वाङ्गे जातको रुखको हलुका काठबाट बनेको हुन्छ । ज्वाली करिब १.५ मिटर जति लामो हुन्छ । ज्वालीको दुवैतिर १ फिट जति लामा दुई दुई वटा काठहरु जडान गरिएको हुन्छ, तिनलाई सोइला भनिन्छ । सोइलामा प्रयोग गरिएको डोरीलाई जोतारो भनिन्छ । ज्वाली गोरुको गर्दनमा राखेर सोइलामा जोतारोले बँधिन्छ । ज्वालीको बिचमा राखिएको हलो र ज्वाली जोड्न प्रयोग गरिने डोरीलाई हलुर भनिन्छ ।

● **लिर्को** : खेतबारी जोतिसकेपछि डल्ला फोरेर मसिनो बनाउन, सम्याउन र छरिएको बिउ पुर्न प्रयोग गरिने साधनलाई लिर्को भनिन्छ । लिर्को करिब १ मिटर लामो र ५ इन्च जति मोटाइ भएको काठबाट बनाइएको हुन्छ । लिर्कोमा करिब २ मिटर लामो डाँरी जोडिएको हुन्छ । लिर्को घुमाउन सजिलोका लागि करिब १ मिटर लामो डोरी डाँरीमा बाँधिएको हुन्छ ।

● **दाँदे (मै)** : खेतमा धानको बीउ छर्न वा रोपो (धानको बिरुवा) रोपाई गर्नको लागि हिलो बनाउन र सम्म्याउन प्रयोग गरिने साधनलाई दाँदे भनिन्छ । दाँदे करिब ०.७५ मिटर लामो बलियो काठबाट बनेको हुन्छ । यसको एकातिर काठका तिखा र बलिया करिब ६ वटा दाँतहरु जोडिएको हुन्छ भने अर्कोतिर २ वटा काठका अनौ जोडिएको हुन्छ । दाँदेलाई हाम्रो स्थानीय भाषामा मै पनि भनिन्छ ।

● **मोकारो** : खेतबारीमा जोत्दा वा खलामा दाइँ गर्दा गोरुले घाँसपात वा अन्न नखाओस् भनेर गोरुको मुखमा लगाउने बाँस वा निगालोको चोयाबाट बुनेर तयार गरिएको सामाग्रीलाई मोकारो भनिन्छ ।

**३) घोडा पालन व्यवसाय** :

घोडा र मानिसको सम्बन्ध पनि प्राचीनकाल देखि नै रहि आएको छ । घोडालाई राजामहाराजा र सिपाहीहरुले युद्ध लड्न, एक ठाउँबाट अर्को ठाउँ आवतजावत गर्न वा लामो यात्रा गर्न प्रयोग गर्ने गर्दथे । काठमाडौं उपत्यकामा हरेक वर्ष घोडेजात्रा मनाउने चलन रहि आएको छ । नेपालको तराई क्षेत्रमा घोडालाई रथ वा टाँगामा जोडेर पनि मानिस लगायत सामानहरु ओसारपसार गर्ने प्रचलन रहेको छ ।

हाम्रो समुदायमा घोडाको प्रयोग विशेषगरी सामानहरु ढुवानी गर्न गरिन्थ्यो । नेपालगञ्ज हाट बजारसम्म घ्यू ढुवानी गर्न र उताबाट नुन, मट्टीतेल र धातुका भाँडाकुँडा ल्याउन घोडाको प्रयोग गरिन्थ्यो । खेतबाट घरसम्म धान ल्याउन, धान, गहु, मकै किनेर एक गाउँबाट अर्को गाउँसम्म पुऱ्याउन समेत घोडाको प्रयोग गरिन्थ्यो । पछिल्लो समय गाउँबाट सुठो, अदुवा, आलु बजारसम्म पुऱ्याउन र बजारबाट दाल, चामल, नुन, तेल जस्ता खाद्यवस्तु र कपडा, जुत्ता, चप्पल गाउँमा ल्याउन समेत घोडाको व्यापक प्रयोग गरिएको थियो । हिन्दु समुदायमा बिबाह संस्कारमा समेत दुलहालाई घोडामा चढाएर पञ्चेबाजा सहित जन्ती जाने प्रचलन रहेको पाइन्छ । घोडा पालन व्यवसाय एक रोजगारी र आय आर्जनको लागि राम्रो आधार समेत बनेको थियो । जब गाउँमा सडक, गाडी र बजार नजिक नजिक आउन थाल्यो विस्तारै यो व्यवसाय हराउँदै गएको छ । मान्छेहरू घोडा पालन व्यवसाय छोड्दै गएका छन् ।

● **चौरास** : घोडाको घाँटीमा लागाइने ससाना घण्टहरुको मालालाई चौरास भनिन्छ । यसले घोडाहरु आए गएको संकेत गर्दछ । वातावरणलाई गुञ्जायमान बनाउन एक प्रकारको सांगीतिक ध्वनी तरङ्गले घोडाको यात्रालाई रमाइलो र आनन्दित बनाउन यो प्रयोग गर्ने गरिन्थ्यो ।

● **लगाम** : घोडालाई आफ्नो नियन्त्रणमा राख्न घोडाको टाउको र मुखमा लगाएको सामाग्रीलाई लगाम भनिन्छ । यो फलाम र डोरीबाट भनेको हुन्छ । हाम्रो स्थानीय भाषाका लगामलाई कैजा पनि भन्ने गरिन्छ ।

● **जिन र काठी** : घोडाको पिठ्युँमा सवार गर्दा बस्नकोलागि घोडाको शरीरमा कसिने कपडा वा छालाको आसन लाई जिन भनिन्छ भने जिनमुनि कसिने काठको साँचोलाई काठी भनिन्छ । काठी कस्न प्रयोग हुने पेटीलाई पटार भनिन्छ ।

● **बखरा** : घोडाको पिठ्युमा सामानको भारी लाद्न कसिने कपडा वा टाटमा पराल राखेर तयार गरिएको बाक्लो गद्दालाई बखरा भनिन्छ ।

● **तबेला** : घोडा बाँध्ने ठाउँ वा स्थानलाई तबेला भनिन्छ ।

**४) मौरीपालन व्यवसाय** :

मौरीपालन हाम्रो प्राचीन व्यवसाय हो । हाम्रा पुर्खाहरुले खासगरी स्थानीय जाको मौरी परम्परागत तरिकाले पालन गर्ने गरेका थिए । मौरी बस्ने घरलाई घार भनिन्छ । प्राकृतिक प्रक्रियाबाट नै भित्र खोक्रो परेको काठलाई काटछाँट गरि घार निर्माण गरिन्छ । त्यसरी निर्माण गरिएको घारमा स्थानीय जातको मौरी पालन गर्न सकिन्छ । त्यस्तो घारमा मौरी आफै पनि आएर बस्न सक्छ वा कतै समूहबाट छुट्टीएर रुख वा कुनै स्थानमा अलपत्र परेर बसेको मौरीलाई ल्याएर घारमा राख्ने गरिन्छ । मौरी पालनको एकमात्र उद्देश्य मह उत्पादन हो । परम्परागत प्रविधिबाट उत्पादित मह स्वास्थ्यको लागि अत्यन्त फाइदाजनक मानिन्छ । महमा कार्बोहाइड्रेड, प्रोटिन, भिटामिन र खनिज पदार्थ प्रशस्त मात्रामा पाइन्छ । झाडाबान्ता, कुपोषण लगायतका स्वास्थ्य समस्याहरु भएको अवस्थामा औषधिको रूपमा महको सेवन गरेर उपचार गर्न सकिन्छ । महले हाम्रो शरीरको रोग प्रतिरोधात्मक क्षमता समेत बढाउने काम पनि गर्दछ ।

हाम्रो स्थानीय परम्परा अनुसार बिबाह संस्कारमा केटा पक्षबाट केटी पक्षलाई मौरीको मह र भुटेको चामलको पिठोबाट तयार गरिएको सगुन वा रैबार अनिवार्य बुझाउनु पर्ने परम्परा हालसम्म पनि चलि आएको छ । प्राचीन समयमा व्यवसायिक रूपमा भन्दा पनि घरेलु प्रयोजनको लागि चार पाँच घार स्थानीय मौरी प्राय सबैले घरघरमा पालन गर्ने चलन रहेको थियो । हाल उन्नत जातको विकासी मौरीको बढ्दो व्यवसायीकरण र बजारीकरण, फलफूल तथा तरकारीमा विषादीको प्रयोग बढ्दै गएपछि स्थानीय जातको मौरी विस्तारै गाउँबाट लोप हुदै गएको छ ।

● **भेडाबाखापालन व्यवसाय** :

भेडाबाखापालन व्यवसाय हाम्रो प्राचीन व्यवसाय हो । खासगरी भेडाबाखा मासु, छाला र ऊन उत्पादनका लागि पाल्ने गरिन्छ । मष्ट परम्परामा देवीदेवतालाई भेडाको साँढो र बोका बलि चढाउने प्रचलन पनि प्राचीनकाल देखि नै चलिआएको पाइन्छ । पछिल्लो समयमा गाउँले जनजीवनमा आर्थिक आयआर्जनको लागि समेत यो व्यवसाय भरपर्दो व्यवसाय बन्दै गएको देखिन्छ ।

● **कुखुरापालन व्यवसाय** :

कुखुरापालन पनि अन्य घरपालुवा जनावरहरु जस्तै हाम्रो प्राचीन व्यवसाय हो । सुत्केरी आमाको लागि कुखुराको झोलिलो मासु र अन्डा अत्यन्त लाभदायक मानिन्छ । कुखुराको भाले हाम्रो प्राचीन समय सूचक पनि हो । गाउँले जनजीवनमा किसान, गृहिणीहरुका लागि बिहानको समय सूचकको भरपर्दो माध्यमको रुपमा पनि कुखुरा पालन गर्ने गरिन्थ्यो । प्रत्येक घरमा कम्तिमा एउटा बास्ने भाले हुनुपर्ने र त्यसलाई घरको शुभलक्षण मान्ने परम्परा गाउँघरमा हालसम्म पनि प्रचलित रहेको पाइन्छ ।

***(लेखकः श्री शिशु जागरण माध्यमिक विद्यालय बागचौर नगरपालिका ९, खोरबारे सल्यानमा कार्यरत शिक्षक हुन् ।)***

**Simta Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Rakam ,Surkhet**
**Karnali ,Province Nepal**

**Invitation for Bids No: SRM/SQ/GOODS/03-2080/81**
**SRM/SQ/GOODS/04-2080/81**

**Date of publication: 2081/1/12 (2024 April 24)**

1. Simta Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of works under Sealed quotation procedures.

| IFB NO. | Description of work | Estimated Amount (with VAT ) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|
| SRM/SQ/GOODS/03-2080/81 | Procurement of material for gaushala construction simta 6 rakam | 1031474.09 | 26000/- | 1,000/- |
| SRM/SQ/GOODS/04-2080/81 | Procurement of material for deuli to bhademasanghat road upgrading (upto site) | 1627720.61 | 41000/- | 1000/- |

2. Eligible Bidders may obtain further information at the office of Simta Rural Municipality, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** laxmi sunrise bank limited
   **Name of Office:** Simta rural Municipality
   **Office Account no.:** 08003000021(Rajswa)
   **:** 08003000171(Dharauti )
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 Noon 2024 May 9
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM, 2024 May 9 at the office of Simta Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening with scanned copy of the bid security in .pdf format, amounting to a minimum of as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the bid opening date falls on a government holiday, then the next working day shall be considered as the bid opening date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders are advised to visit the site and access the actual site conditions before submission their bid.
8. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# समाज जागरण केन्द्र (स्याक) नेपाल

केन्द्रिय कार्यालय, कर्णाली प्रदेश, सुर्खेत

## टेन्डर आव्हान सम्वन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०१/०४ गते**
**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०१/१२ गते**

यस कार्यालयको खरिद उप-समितिको मिति २०८१।०१।११ गतेको बैठकको निर्णय अनुसार Plan International Nepal संगको साझेदारीमा जाजरकोट र रुकुम जिल्लामा संचालित भुकम्प प्रतिकार्य तथा सहयोग कार्यक्रमका लागि तपसिल अनुसार (अनुमानित परिमाण) का सामग्रीहरु खरिद गर्नुपर्ने भएकाले देहाय बमोजिमका शर्त र वन्देजको अधिनमा रहि दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस कार्यालयले उपलब्ध गराएको टेन्डर फाराम भरी यस कार्यालयमा दर्ता गराउनुहुन सम्वन्धित इच्छुक योग्य आपूर्तिकर्ताहरुका लागि सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| S. No | Items description | Unit | Estimated Quantity Required |
|---|---|---|---|
| 1 | Ordinary Portland Cement (OPC), NS certified, 43 Grade and 50 Kg/bag must be in fully workable condition | Bag | 170 |
| 2 | 8 mm ø, Fe 500 TMT steel reinforcement bar with NS certification, no or less rusted | Kg | 150 |
| 3 | Soft and ductile Binding Wire (0.8mm), not rusted | KG | 105 |
| 4 | 40mmø GI Pipe with Cap heavy galvanized (0.8 RM/piece) | No | 9 |
| 5 | 32 mm ø HDPE Pipe 8Kgf (16 PN) | RM | 2400 |
| 6 | 25 mm ø HDPE Pipe 8Kgf (16 PN) | RM | 5100 |
| 7 | 20 mm ø HDPE Pipe @10Kgf (16 PN) | RM | 7600 |
| 8 | 500 liter capacity, High Density Poly Ethylene (HDPE ) Extra Heavy Water tank (36 ø, 3 layer Plastic) | No | 3 |
| 9 | Mild steel water tank stand @ 40Kg weight, 9 feet tall- made in perfect welding of angular sections, provided with top railing and cross bracing. | No | 2 |
| 10 | Germ Protection Soap (100 gram) | No | 216 |
| 11 | Tap stand fittings with medium gauze NS certified brass water tap (Hulas/Arati or equivalent) | No | 17 |
| 12 | PVC Pipe Fitting | No | 2 |

१. टेन्डर फाराम सस्थाको केन्द्रिय कार्यालय वा संस्थाको वइव साइड www.sacnepal.org.np बाट प्राप्त गर्न सकिनेछ।
२. टेन्डर फाराम वुझाउने अन्तिम म्याद २०८१ वैशाष १८ गते दिनको ५:०० वजे सम्म।
३. प्राप्त भएका टेन्डर फारामहरु २०८१ वैशाष १९ गते दिनको १:०० वजे सस्थाको केन्द्रिय कार्यालय वीरेन्द्रनगर १२ सुर्खेतमा सम्वन्धित आपुर्तिकर्ताहरुको रोहवरमा खोलिने छ यद्यपि आपुर्तिकर्ताहरु उपस्थित नभएमा पनि टेन्डर फाराम खोल्न कुनै वाधा पर्ने छैन।
४.टेन्डर फाराम पेश गर्दा आपुर्तिकर्ताले तपसिल अनुसारका कागजातहरु यस कार्यालयमा पेश गर्न' पर्ने छ।
क) मुअकर दर्ता प्रमाण पत्र/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि
ख) आव २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
ग) उद्योग वाणिज्य र अन्य सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको अन्तिम नविकरण सहितको प्रतिलिपि
घ) २०८० श्रावण १ पछि दर्ता भएकोलाई कर चुक्ता आवश्यकता नपर्ने।
५. टेण्डर फाराम पुर्ण वा आंशिकरुपले स्वीकृत गर्ने वा नगर्ने अधिकार यस सस्थामा निहित रहने छ।
६. प्रति इकाई मुल्यमा र परिमाणको गुणा वा जोडमा फरक परेमा प्रति इकाई मुल्यलाई मान्यता दिइनेछ। टेन्डर फाराममा अक्षर र अंक कुनै एक मा खुलेको हुनु पर्नेछ। साथै कुनै अंक वा अक्षरमा केरमेट भएमा एक पटक काटि सहिछाप लागेको हुने पर्नेछ। अन्यथा टेन्डर फारामहरु स्वतः रद्ध हुसक्नेछ।
७. आपुर्तिकर्ताले सामग्रीहरुको टेन्डर फाराम भरिसके पश्चात संस्थाको केन्द्रीय कार्यालय वीरेन्द्रनगर, सुर्खेत वुझाउन पर्ने छ।
८. टेन्डर फाराममा कबोल गरेको जम्मा करयोग्य रकम बराबरको २.५ प्रतिशत धरौटि रकम क बर्गका वैंक हरुबाट समाज जागरण केन्द्र (स्याक) नेपालको नाममा बैंक ग्यारेन्टिको सक्कल पत्र वा सानिमा बैंक लि सुर्खेत शाखा, स्याक नेपाल (SAC Nepal) खाता नं. 030010010000362 मा जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गनुपर्नेछ।
९. यस बाहेक थप जानकारी आवश्यक परेमा कार्यालयको फोन नं.०८३-५२१२८२ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

# पचालझरनालाई नेपालकै अग्लो झरनाको मान्यता दिन आग्रह

**भक्तबहादुर शाही**
**कालीकोट, ११ वैशाख ।**

कालीकोटको पचाल झरना गाउँपालिका-३ मा रहेको पचाल झरनालाई नेपालकै अग्लो झरनाको आधिकारिक मान्यता दिन स्थानीयले आग्रह गरेका छन् ।

पटक पटक नापजाँच गर्दा यसअघि नेपालकै लामो भनिएको झरनाभन्दा अग्लो रहेको पत्ता लागेकाले त्यसको आधिकारिक अभिलेख राखी पूर्वाधार विकासमा लगानी र प्रचार प्रसारमा ध्यान दिन स्थानीयको आग्रह छ।

स्थानीय शिवराज सेजुवाल पटक पटक नापजाँच गरेर नेपालकै अग्लो दाबी गरिए पनि आधिकारिक अभिलेख राख्ने निकायले ध्यान नदिँदा पर्यटन प्रवर्द्धनका कामसमेत हुन नसकेको बताए।

'यो झरना नेपालकै लामो हो भन्ने देखिएको छ तर त्यसको आधिकारिक अभिलेख राखिएको छैन । यदि सो अभिलेख राखी झरनाको संरक्षण, विकास तथा पर्यटन प्रवर्द्धन गर्न सकिए कर्णालीको आकर्षक गन्तव्य बन्नसक्छ र यसतर्फ सरोकारवालाको ध्यान जान जरूरी छ', उनले भने ।

पचाल झरना गाउँपालिकाका प्राविधिक इञ्जिनियर कुलप्रसाद न्यौपानले पनि झरना यसअघि नेपालकै अग्लो भनिएको तेह्रथुमको ह्याप्तुङ झरना (तीन सय ६५ मिटर) भन्दा अग्लो रहेको बताए। यो झरना चार सय १५ मिटर अग्लो रहेको उनको भनाई छ।

'गाउँपालिकाले गरेको सर्वेक्षणमा पचालझरना खसेको ठाउँदेखि तल ठोक्किएको ठाउँसम्म तीन सय ८१ मिटर उचाइ र ठोक्किएको ठाउँबाट तल झरेको ठाउँसमेतको दूरी लिँदा चार सय १५ मिटर अग्लो रहेको पाइयो', न्यौपानेले भने, 'पर्यटन बोर्डले यसलाई मान्यता दिएमा सबैको ध्यानाकर्षण हुन्थ्यो। जसले पर्यटन प्रवर्द्धनका काम गर्न पनि सहज हुने हाम्रो बुझाइ छ।'

गाउँपालिकाका अध्यक्ष देवजङ्ग शाहीले गाउँपालिकाले झरनासम्म पुग्नका लागि पैदलमार्ग, होमस्टे र सूचना केन्द्र स्थापना गरे पनि अन्य निकायबाट सहयोग नपाइएको गुनासो गरे । 'नेपाल पर्यटन बोर्डले अग्लो झरना भनेर अभिलेख नराखिदिँदा प्रचारप्रसार गर्न सकिएको छैन।

घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।

प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा
१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने
आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ।
कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

हटलाइन मर्मत सेवा
फोन गर्नुहोस ।
समस्या सुनाउनुहोस
समाधान पाउनुहुनेछ ।
धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा।
२) फर्निचर (कार्प्रेन्टर) मर्मत सेवा।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा।
६) पाथरुम, शौचालय मर्मत सेवा।
७) कोठा सार्ने गाडी सुविधा।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।
सामेल निर्माण सेवा
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८

भवानी छापाखाना DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
क्यालेण्डर
स्पाइरल साधारण टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?

•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070 Multipurpose Business Organization
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour

भवानी छापाखाना
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।